
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९२ पृष्ठ १० | काठमाडौं, बुधबार १४ साउन २०८२ | श्रावण शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४५ | WEDNESDAY, JULY 30, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




चिसापानीस्थित कर्णाली नदीमा रहेको रानीजमरा, कुलरिया सिँचाइ आयोजनाको मुख्य नहर । आयोजनाको उद्घाटन गर्दै प्रधानमन्त्री केपी शर्मा ओली (इन्सेट) ।
● परमानन्द पाण्डे

कभर स्टोरी

# कर्णालीको चिसो पानी कैलालीका खेतमा

## १४ हजार हेक्टरमा बाह्रैमास सिँचाइ, ४.७१ मेगावाट विद्युत् उत्पादन

राष्ट्रिय गौरवको रानीजमरा कुलरिया सिँचाइ आयोजनाका दोस्रो चरणका काम सम्पन्न भएका छन् । कैलालीका १४ हजार हेक्टर बढी जमिनमा अब बाह्रैमास सिँचाइ हुने भएको छ । आयोजनाको नहरबाटै ४.७१ मेगावाट बिजुली पनि उत्पादन गरेर राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । आयोजनाले थप १८ हजार हेक्टरमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य राखेको छ ।

परमानन्द पाण्डे | *टीकापुर*
– को रिपोर्ट

समाचार पृष्ठ २

## रूसी हमलामा युक्रेनमा २० जनाको मृत्यु



**किएभ** (एजेन्सी): युक्रेनमा रूसी हमलामा कम्तीमा २० जनाको मृत्यु र ४० जनाभन्दा बढी घाइते भएको क्षेत्रीय अधिकारीहरूले मंगलबार बताएका छन् ।

सैन्य प्रशासनका प्रमुख इभान फेडोरोभका अनुसार रूसले जापोरिझिया क्षेत्रमा जेल लक्षित आक्रमण गरेको थियो । '१६ जनाको मृत्यु भएको छ, ३५ जना घाइते भएका छन्', परिसर ध्वस्त भएको र नजिकैका घरहरू क्षतिग्रस्त भएको उल्लेख गर्दै उनले टेलिग्राममा भने ।

क्षेत्रीय सरकारी अधिकारीहरूका अनुसार ड्निप्रोपेट्रोभस्क क्षेत्रमा भएको आक्रमणमा धेरै मानिस मारिनुका साथै र कैयौं घाइते भएका छन् । काम्यान्स्के सहरमा भएको क्षेप्यास्त्र आक्रमणमा दुई जनाको मृत्यु भएको, पाँच जना घाइते भएको र अस्पताललाई क्षति पुगेको क्षेत्रीय सैन्य प्रशासनका प्रमुख सेर्गी लिसाकले बताए ।

यस क्षेत्रको सिनेनिकिभ्स्की जिल्लामा भएको आक्रमणमा अर्को एक व्यक्तिको मृत्यु भएको र धेरै घाइते भएको पनि उनले जानकारी दिए । सोमबार राति भेलिको मिखायलिभस्कामा भएको छुट्टै आक्रमणमा ७५ वर्षीया महिलाको मृत्यु हुनुका साथै एक ६८ वर्षीय व्यक्ति घाइते भएको र एउटा निजी घर क्षतिग्रस्त भएको उनले बताए ।

दक्षिणी रूसमा युक्रेनी ड्रोन हमलामा एक जनाको मृत्यु भएको यस क्षेत्रका कार्यवाहक गभर्नरले मंगलबार बताएका छन् । सन् २०२२ मा आक्रमण सुरु भएदेखि नै धेरै हदसम्म छुट्टयाइएका क्षेत्रहरूमा नयाँ प्रगति गरेको रूसको ग्रीष्म आक्रमणलाई हटाउन किएभले प्रयास गरिरहेको छ । सप्ताहन्तमा रूसी सेनाले यस क्षेत्रको पहिलो गाउँ कब्जा गरेको केही सातापछि आफ्नो सेनाले ड्निप्रोपेट्रोभस्कको 'मालियेभ्काको बस्ती मुक्त' गरेको बताएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार मस्कोलाई युक्रेनमा द्वन्द्व अन्त्य गर्न वा कडा प्रतिबन्धको सामना गर्न 'करिब १० वा १२ दिनको समयसीमा' जारी गरेका छन् ।

# लामाले गुमाए दल नेताको हैसियत, आज निर्वाचन

### प्रदेश सभापति बानियाँको मुख्यमन्त्री बन्ने दाउ, मुख्यमन्त्री नछोड्ने लामाको अडान कायमै

**सरोज पौडेल** | *हेटौंडा*



मुख्यमन्त्री बहादुरसिंह लामाले प्रदेश संसदीय दल नेताको हैसियत गुमाएपछि सत्तासीन कांग्रेस बागमती प्रदेश संसदीय दलको नेताका लागि बुधबार निर्वाचन हुने भएको छ । प्रदेशका सहमहामन्त्री हरिशरण श्रेष्ठको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको छ ।

प्रदेश सभापति इन्द्रबहादुर बानियाँको सभापतित्वमा हेटौंडामा बसेको कार्यसम्पादन समितिको बैठकले सहमहामन्त्री ऋषिराम घिमिरे र जीवन डंगोललाई सदस्यमा चयन गरेको हो । समितिले बुधबार नै निर्वाचन गर्ने गरी तयारी गरेको छ । यसअघि प्रदेशका मुख्यमन्त्रीसमेत रहेका लामाले संसदीय दलको नेताको हैसियत गुमाएपछि नयाँ नेता चयनका लागि निर्वाचन प्रक्रिया सुरु भएको हो । गत साउन ९ गते प्रदेश सरकारको मुख्यमन्त्रीसमेत रहेका लामाविरुद्ध संसदीय दलमा २१ जना प्रदेश संसदहरूले अविश्वासको प्रस्ताव दर्ता गराएका थिए ।

त्यसकै प्रक्रिया स्वरूप मंगलबार कांग्रेस संसदीय दलको कार्यालयमा भएको मत विभाजनमा लामाको पक्षमा १५ मत मात्रै परेको थियो । यस्तै विपक्षमा २२ मत परेसँगै लामाले संसदीय दलको नेताको हैसियत गुमाएका हुन् ।

नयाँ संसदीय दलको नेताका लागि कांग्रेस बागमती प्रदेशका सभापति एवं प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँलाई अघि सारिएको छ । यस्तै अर्कोतर्फ लामा पक्षधरले बागमती प्रदेशसभा सदस्य एवं कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारलाई संसदीय दलको नेताका लागि अघि सार्ने चर्चा सुरु भएको छ । यद्यपि मुख्यमन्त्री लामा वा चित्रकारमध्ये को अघि सर्ने भन्ने टुंगो लागिसकेको छैन ।

#### मुख्यमन्त्री बन्ने दाउमा बानियाँ

यो पटक बागमती प्रदेश सभापति एवं प्रदेश सांसद इन्द्रबहादुर बानियाँ मुख्यमन्त्री बन्ने लाइनबाट पछि नहट्ने रणनीतिक रूपमा अघि बढेका छन् । बानियाँकै नेतृत्वमा मुख्यमन्त्रीसमेत रहेका बहादुरसिंह लामाविरुद्ध कांग्रेस संसदीय दलमा अविश्वास प्रस्ताव दर्ता भएको थियो । मंगलबार संसदीय दलको नेताका लागि भएको मत विभाजनको नतिजाले समेत बानियाँ थप हौसिएका देखिन्छन् ।

बागमतीमा कांग्रेसका ३७ जना प्रदेश सभा सदस्य छन् । लामाको पक्षमा १५ जनाले मत जाहेर गरेका थिए भने २२ जनाले विपक्षमा मत दिएका थिए ।

» बाँकी पृष्ठ ६

## न्युयोर्कस्थित कार्यालयमा गोली चल्दा ५ को मृत्यु



**न्युयोर्क** (एजेन्सी): एक बन्दुकधारीले मध्य म्यानहट्टनको गगनचुम्बी भवनमा प्रवेश गरी गोली चलाउँदा सोमबार एक प्रहरी अधिकारीसहित ४ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

गोली लागेपछि पाँचौं पीडितको अवस्था पनि गम्भीर रहेको तथा बन्दुकधारीले आफ्नै ज्यान लिएको देखिएको मेयर एरिक एडम्सले घटनास्थल नजिकैको अस्पतालमा राति ब्रिफिङमा बताए । बन्दुकधारी एम-४ राइफल लिएर कालो बीएमडब्लूबाट बाहिर निस्किँदै, त्यसपछि भवनमा प्रवेश गर्दै, तुरुन्तै एक प्रहरी अधिकारीमाथि गोली चलाउँदै गरेको क्यामेरामा कैद भएको प्रहरी आयुक्त जेसिका टिस्चले पत्रकार सम्मेलनमा बताए । टिस्चले संदिग्धले एक्लै काम गरेको विश्वास गरिएको तर अनुसन्धान जारी रहेको र एफबीआईले अनुसन्धानमा सहयोग गरिरहेको बताए ।

# दुईवटा आइजिनले पुँजीबजारमा तरंग

**सुनिता कार्की** | *काठमाडौं*




सीडीएस एन्ड क्लियरिङ हाउस (सीडीएससी) ले सेयर अभौतिकीकरणसम्बन्धी नयाँ व्यवस्था लागू गर्न लागेको छ । सीडीएससीले सेयर अभौतिकीकरण कार्यसञ्चालन निर्देशिका, २०८२ पारित गरेको छ । सीडीएसको आइतबारको बोर्ड बैठकले उक्त निर्देशिकालाई पारित गर्दै नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन) मा स्वीकृतिका लागि प्रस्ताव पठाएको महानिर्देशक प्रवीन पन्दाकले जानकारी दिइन् ।

सीडीएससीलाई आइजिनसम्बन्धी 'कुनै कानुनी व्यवस्था छ भने प्रवन्ध गर्नु र कानुन छैन भने कानुन बनाउनु, कानुन बनाउन समय लागे आवश्यक कारबाही गर्नु' भनी निर्देशन दिएको सेबोनका प्रवक्ता सेबोन निरन्जय घिमिरे बताउँछन् । यही आधारमा सीडीएससीले निर्देशिका तयार पारी सेबोनमा पठाएको र चाँडै नै आवश्यक कदम चालिने पनि उनले जानकारी दिए ।

सेबोनले स्वीकृति दिई यो निर्देशिका लागू भए सूचीकृत सेयरको संस्थापक र सर्वसाधारणको फरक-फरक सेयर कोर्ड हुनेछ । यो कोर्डलाई आइजिन (इन्टरनेसनल सेक्युरिटिज आइडेन्टिफिकेसन नम्बर-आइएसआइएन) नम्बर भनिन्छ । अहिलेसम्म बैंक तथा वित्तीय संस्था (संस्थापक र सर्वसाधारण गरी छुट्टाछुट्टै आइजिन नम्बरको व्यवस्था गरिएको) बाहेक अन्य सूचीकृत कम्पनीहरूको प्रायः एउटा मात्र आइजिन नम्बर दिइने गरिएको छ । यसकारण सूचीकृत सेयरको पारदर्शी तथ्यांक आउन नसकेको सीडीएससी महानिर्देशक पन्दाक बताउँछिन् ।

'सेयर अभौतिकीकरणसम्बन्धी निर्देशिका बनेको छ । दशौं वर्षदेखि आइजिनमा भइरहेको विवाद अब समाधान हुनेछ । सीडीएससीको बोर्ड बैठकले पास गरेर सेबोन पठाएको छ । सीडीएससीले लिगल डकुमेन्ट र कम्प्युटरको डकुमेन्टमा एकरूपता ल्याउनका लागि यो निर्देशिका ल्याएको हो,' उनले अन्नपूर्णसँग भनिन् । अब निर्देशिकाले पुँजीबजारको विश्वसनीयता र तथ्यांकको एकरूपतामा महत्वपूर्ण योगदान दिने उनको भनाइ छ । केन्द्रीय निक्षेप सेवा नियमावली २०६७ को नियम ३० ले आइजिन नम्बरमा नियम बनाएर काम गर्न १५ वर्षअघि निर्देशन दिएको थियो । तर, बैंक तथा वित्तीय संस्थाबाहेक सूचीकृत अन्य कम्पनीहरूले पनि यो निर्देशिका लगानीमैत्री नभएको बताएका छन् । बैंक तथा वित्तीय संस्थाहरूमा सर्वसाधारणको निक्षेप रहने हुँदा कसै न कसैलाई जिम्मेवार बनाइराख्नुपर्छ भन्ने उद्देश्यले संस्थापक वर्ग रहने व्यवस्था गरिएको हो ।

त्यसै पनि सर्वसाधारण सेयर जारी (आईपीओ) निष्कासन पछिको ३ वर्षसम्म संस्थापक सेयर बेच्न नमिल्ने गरी लकिन अवधी तोकिएको छ । संस्थापक र सर्वसाधारणको सेयर एउटै आइजिनमा हुँदा यसको हिस्सा ठूलो रहेकाले बजार चलायमान भइरहेको एक उद्योगीले बताए । तर, आइजिन नम्बर फरक गर्दा यसले स्वदेशी विदेशी लगानीसम्म प्रभावित हुने बताए ।

अन्तर्राष्ट्रिय कम्पनीहरू फेसबुक, एक्स लगायतको पनि एउटै आइजिनको अभ्यास रहेको उदाहरण दिँदै उनले एउटै आइजिनले पुँजीबजारको पारदर्शितामा असर नगरेको जिकिर गरे ।

ऊर्जा उद्यमीहरूले पनि सीडीएससीको यो निर्देशिकाको विरोध गरेका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इप्पानले पनि सीडीएससीको प्रस्तावले संस्थापक लगानीकर्ता, निजी क्षेत्र, वैदेशिक लगानीकर्ता, सेयरमा लगानी गर्ने आम सर्वसाधारणमा थप अन्यौलता र अस्पष्टता पैदा भएको बताएको छ ।

'यो प्रस्ताव कार्यान्वयन भएमा हालसम्म नेपालको पुँजी बजारमा लागू भइरहेको, प्रचलित कानुन, अन्तर्राष्ट्रिय मान्यता र स्थापित आइजिन अभ्याससविपरीत मुलुकको पुँजी बजारमा दीर्घकालीन प्रभाव पार्नेसमेत भनेको छ ।

लकिङ पेरियड खुल्नु एक महिनाअघि नै राष्ट्रिय पत्रपत्रिकामा तीनपटक सूचना प्रकाशन गरेपछि मात्र बेच्न पाउने तथा सञ्चालकहरूको हकमा लकिङ पेरियड सकिएपछि पनि सञ्चालक रहेसम्म बेच्न नपाउने र सञ्चालकबाट राजीनामा दिएपछि पनि एक वर्षसम्म बेच्न नमिल्ने विद्यमान व्यवस्था छ ।

» बाँकी पृष्ठ ६